# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः–४० २०६४ जेठ अङ्क :–११


## प्रधानमन्त्रीद्वारा शिक्षण अस्पतालका प्रतिष्ठान र विभाग उद्घाटन

काठमाडौं । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले त्रिवि शिक्षण अस्पतालको हाताभित्र निर्माण भएको गणेशमान सिंह भएकोले पहिले भन्दा थप विरामीलाई सेवा पुऱ्याउन र अध्ययन,अध्यापन र अनुसन्धान कार्यलाई गति दिन सकिने भएको छ। कोइरालाले प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै प्रजातन्त्रका निम्ति जीवन अर्पण गर्नुभएका स्वर्गीय नेता गणेशमान



**प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला त्रिवि शिक्षण अस्पतालको हाताभित्र निर्माण भएको गणेशमान सिंह नाक, कान तथा घांटी अध्ययन प्रतिष्ठान र बालरोग अन्तरंग विभागको उद्घाटन गर्नुहुँदै ।** *(तस्वीर : त्रिवि सूचना शाखा ।)*

नाक, कान तथा घांटी अध्ययन प्रतिष्ठान र बालरोग अन्तरंग विभागको जेठ २२ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गतको उक्त शिक्षण अस्पतालले यसअघि नाक, कान र घाँटीको उपचार सेवा विभागअन्तर्गत दिँदैआएकोमा अब यससम्बन्धी अध्ययन प्रतिष्ठान नै स्थापना

यसै गरी बालरोग सेवाका लागि त्यस अस्पतालले नजिकैको कान्ति बाल अस्पतालसँग समन्वय गरी बिरामीलाई सेवाका साथै अध्ययन अनुसन्धानका काम गर्दै आएकोमा अब आफ्नो भवन निर्माणपछि ५० शय्यासहित सेवा शुरू गरेको छ ।

ती दुई भवनको उद्घाटनपछि आयोजित समारोहलाई प्रधानमन्त्री

सिंहको नाममा त्रिवि शिक्षण अस्पतालमा छुट्टै प्रतिष्ठान स्थापना हुनु देशकै लागि महत्त्वपूर्ण भएको बताउनुभयो ।

उहाँले अस्पतालकै हातामा हालै अर्का नेता मनमोहनको नाममा मुटु अध्ययनसम्बन्धी केन्द्र स्थापना गरिएकोमा पनि अस्पतालको सराहना गर्दै स्वास्थ्य र शिक्षा नागरिकको आधारभूत आवश्यकता

*(बांकी अन्तिम पृष्ठमा)*

# विज्ञान तथा प्रविधिका पाठ्यक्रमबारे समीक्षा



विज्ञान तथा प्रविधि अध्ययन संस्थानद्वारा आयोजित पाठ्यक्रम समीक्षासम्बन्धी कार्यशाला गोष्ठीको शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य उद्घाटन गर्नुहुँदै ।
*(तस्वीर : त्रिवि सूचना शाखा ।)*

काठमाडौं । त्रिवि विज्ञान तथा प्रविधि अध्ययन संस्थानद्वारा आयोजित पाठ्यक्रम समीक्षासम्बन्धी एकदिने कार्यशाला गोष्ठीको त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले एक समारोहबीच जेठ १४ गते उद्घाटन गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. अमात्यले विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ हालका वर्षमा कम्प्युटर विज्ञान, वातावरण विज्ञान, जैविक प्रविधिलगायतका नयाँ नयाँ विषयका स्नातकोत्तर तहको समेत पठनपाठन भइसकेको भए तापनि यस विधाका अन्य विषयको पाठ्यक्रम लामो समयदेखि अपरिवर्तित अवस्थामा रहेकाले यसलाई समयसापेक्ष बनाउनु आवश्यक भइसकेको बताउनुभयो ।

अध्ययन संस्थानका डीन प्रा.डा. विशालनाथ उप्रेतीले गोष्ठीबारे संक्षिप्त प्रकाश पार्दै दशकौंअगाडि कम विद्यार्थी छँदा तयार पारिएको विज्ञानका पाठ्यक्रम अहिले विद्यार्थी संख्या र उनीहरूको विषयगत माग बढिरहेको समयमा पनि उही पुरानै कायम गर्नु उचित छ वा त्यसमा के कस्तो परिवर्तन आवश्यक छ भनी समीक्षा गर्न कार्यशाला आयोजना गरिएको बताउनुभयो ।

गोष्ठीमा कार्यपत्र पेश गर्दै अध्ययन संस्थानका पूर्वडीन प्रा.डा. कृष्ण मानन्धरले यस अध्ययन संस्थानका प्रमुख विषयका रूपमा रहेका भौतिकशास्त्र र रसायनशास्त्रका स्नातकोत्तर तहमा विगतमा विद्यार्थी अत्यन्त न्यून हुने गरेकामा अहिले नयाँ नयाँ विषयका साथै यी दुई विषयमा अध्ययन गर्न चाहनेको संख्या अत्यधिकरूपमा बढेर वर्तमान संरचनाले थेग्नै नसक्ने अवस्थामा पुगेको बताउनुभयो ।

विज्ञान र प्रविधि क्षेत्रका त्रिविका वरिष्ठ शिक्षकहरूको सहभागितामा भएको सो कार्यशाला गोष्ठीमा बी.एस्सी र एम.एस्सीको संरचना तथा कुल पूर्णाङ्क, सेमेस्टर वा वार्षिक परीक्षा प्रणाली, नयाँ विभागको स्थापनालगायत ६ विषयमा छलफल गरिएको थियो ।

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छ:

| शिक्षकको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री विनोद शर्मा | पुल्चोक क्याम्पस,पुल्चोक | सह प्राध्यापक | २०६५।४।३१ |
| श्री बालकृष्ण खरेल | मेची बहुमुखी क्याम्पस,मेची | ,, | २०६५।४।२५ |
| डा. पन्नाकाजी अमात्य | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।४।१७ |
| श्रीमती विद्याकुमारी वज्राचार्य | नर्सिङ्ग क्याम्पस,महाराजगंज | सह प्राध्यापक | २०६०।११।१३ |
| श्री दिनानाथ जमरकटेल | पोखरा क्याम्पस,पोखरा (वन) | लेखा अधिकृत | २०६५।२।२९ |

# आयुर्वेद क्याम्पसको शिक्षण अस्पताल भवन उद्घाटन

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत आयुर्वेद क्याम्पसको कीर्तिपुरमा नवनिर्मित



**त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा आयुर्वेद क्याम्पसको नवनिर्मित शिक्षण अस्पताल भवनको उद्घाटन गर्नुहुँदै ।** *(तस्वीर : त्रिवि सूचना शाखा ।)*

शिक्षण भवन र शिक्षण अस्पताल बहिरंग सेवाको जेठ ४ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

नेपाल सरकारबाट प्राप्त २ करोड ५१ लाख ५१ हजार रुपियाँको लागतमा २ वर्षमा निर्माण सम्पन्न गरिएको सो शिक्षण अस्पताल भवनमा हाल प्याथोलोजी प्रयोगशाला, स्त्री र प्रसूति विभाग, बालरोग विभाग तथा काय चिकित्सा (इन्टर्नल मेडिसिन) विभागअन्तर्गत बहिरंग सेवा संचालन गरिएको छ ।

उपकुलपति प्रा.डा. शर्माले प्रमुख अतिथिको आसनबाट समारोहलाई सम्बोधन गर्दै आयुर्वेद पढेका र एलोपेथी पढेकाबीच विगत केही वर्षदेखि देखिएको तहगत भेद निरुपण गर्न अहिले प्रयास भइरहेको बताउनुभयो ।

हामीले विद्यार्थीहरूलाई जुन तहको शैक्षिक उपाधि दिन्छौं विद्यार्थीमा त्यहीं तहको ज्ञान भएमा नै हाम्रा उपाधिधारीले अन्य देशसँग प्रतिस्पर्धा गर्न र मान्यता पाउन सक्ने बताउँदै उहाँले नेपालमा पाइने जडिबुटी विदेशमा समेत प्रख्यात भएकाले हामीले यसतर्फ पनि अध्ययन र अनुसन्धान गरेर फाइदा लिन सक्नुपर्छ भन्नुभयो ।

शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले आयुर्वेद क्याम्पसको आफ्नै शिक्षण भवन हुनु भनेको आयुर्वेद शिक्षातर्फ नेपालमा एउटा महत्त्वपूर्ण फड्को नै भएको उल्लेख गर्दै यो भवन निर्माणबाट यससम्बन्धी शिक्षाको विस्तार गर्न सहयोग पुग्ने बताउनुभयो ।

रजिस्ट्रार डा. भीमराज अधिकारीले रोगको उपचारमा जडिबुटीको प्रभावकारिता प्राचीनकालदेखि नै सिद्ध हुँदै आएको चर्चा गर्दै आयुर्वेद शिक्षामा धेरै सिक्ने कुरा भएर पनि नेपालमा खासै काम हुन नसकिरहेको पाइएकाले यसका लागि यस क्षेत्रकै जनशक्तिहरू लाग्नुपर्ने बताउनुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानका डीन डा. अरुण सायमीले सभापतिको आसनबाट बोल्दै प्राकृतिक स्रोत र साधनमा धनी भएर पनि नेपालमा आयुर्वेद शिक्षाको विकास अपेक्षितरूपमा हुन नसकेको कुरालाई ध्यानमा राखी अब यसलाई अगाडि बढाउने प्रयासस्वरुप अनुसन्धानका लागि बजेट छुट्याइनुका साथै यससम्बन्धी जनशक्तिलाई उच्च अध्ययनका लागि विदेशमा छात्रवृत्तिको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै क्याम्पस प्रमुख धनिकलाल भरखेरले नेपालमा वि.सं. १९८५ देखि नै आयुर्वेद शिक्षा प्रारम्भ भए तापनि त्रिविमा यसको शुरुआत २०२९ सालमा चिकित्साशास्त्र अन्तर्गत प्रमाणपत्र तहको पढाइबाट भएको बताउनुभयो । २०५९ सालमा कीर्तिपुरमा आफ्नै प्रशासकीय भवन बनेपछि यहीँबाट आफ्नो सम्पूर्ण कार्यक्रम संचालन गर्दै आएकोमा अब शिक्षण अस्पताल भवन पनि बनेकाले निकट भविष्यमै यस क्याम्पसले ५० शय्याको सेवासमेत संचालन गर्ने जानकारी दिनुभयो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :

WWW.tribhuvan-university.edu.np

# रजिस्ट्रारद्वारा प्रमाणपत्र वितरण

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार डा. भीमराज अधिकारीले त्रिविका हेड असिस्टेन्टहरूका लागि आयोजित दुई हप्ते तालिमका सहभागीहरूलाई जेठ २३ गते एक समारोहका बीच प्रमाणपत्र वितरण गर्नुभयो ।

त्रिवि जनशक्ति विकास तथा कल्याण परिषद् र आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा)को संयुक्त तत्वावधानमा काठमाडौं उपत्यकाका क्याम्पसहरूमा कार्यरत हेड असिस्टेन्टहरूका लागि जेठ ५ गतेदेखि आयोजित सो प्रशासनिक सेवाकालीन तालिममा २६ जनाको सहभागिता रहेको थियो ।

समापन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै रजिस्ट्रार डा. अधिकारीले हरेक कुरा क्षण-प्रतिक्षण परिवर्तन भइरहे जस्तै संस्थाको प्रशासन संचालनको तौर तरिकामा पनि परिवर्तन भइरहने भएकाले ती परिवर्तन अनुरुप काम गर्न कर्मचारीहरूलाई समर्थ राख्न यस्ता तालिमको ठूलो योगदान रहने बताउनुभयो ।



सेडाद्वारा आयोजित हेड असिस्टेन्टहरूको सेवाकालीन तालिमका सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुहुँदै रजिस्ट्रार डा. भीमराज अधिकारी । *तस्वीर : त्रिवि सूचना शाखा ।*

उहाँले अहिलेसम्म प्रशासनिक कार्य संचालन संस्थाको माथिल्लो तहबाट हुँदै तल्लो तहमा पुगेर कार्यान्वयन भइरहेकामा अब देशमा परिवर्तनसँगै पुराना तौर तरिकामा पनि सुधार गरी तल्लो तहबाट काम शुरुआत गर्ने परम्परा बसाल्नु पर्ने धारणा राख्नुभयो ।

समारोहमा सेडाका निमित्त कार्यकारी निर्देशक डा. हरिध्वज पन्तले सभापतिको आसनबाट बोल्दै नेपालमा कर्मचारीहरूले पाउने तलव भत्ता एउटा परिवार पाल्न पुग्ने मात्रामा नभएको मात्रै नभई तल्लो तहका कर्मचारीहरू त अझ तलवबाट न्यूनतम आधारभूत आवश्यकता पूरा गर्नसम्म पनि नसक्ने अवस्थामा रहेकाले तलवमानलाई समयसापेक्ष बनाउनु आवश्यक रहेको बताउनुभयो ।

तालिमका सहभागीतर्फबाट बोल्दै जमुना तिवारीले तालिम फलदायी भएको र यस्तो तालिम कार्यक्रम त्रिविका सबै तहका कर्मचारीलाई नियमितरूपमा दिने व्यवस्था हुनुपर्ने बताउनुभयो ।

त्यस्तै अर्का सहभागी प्रेमबहादुर कुँवर क्षत्रीले यस तालिम कार्यक्रममा सहभागीहरू एउटै पदमा १० देखि २५ वर्षसम्म काम गरिसकेका कर्मचारीहरू रहेको जानकारी दिँदै यस्तो सेवाकालीन तालिम सेवाको शुरूतिरदेखि नै दिने व्यवस्था भएमा झनै लाभकारी हुने धारणा राख्नुभयो ।

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै तालिम संयोजक शकिला सिंहले हेड असिस्टेन्ट पदमा सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तह उत्तीर्ण भएमात्र पुग्ने भए पनि हाल यो पदमा स्नातक र स्नातकोत्तर तह उत्तीर्णहरूसमेत थुप्रै संख्यामा कार्यरत रहेको तर लामो समयसम्म एउटै पदमा रही काम गरिसक्दा पनि बढुवा नभएको अवस्था रहेको बताउनुभयो ।

समारोहको अन्त्यमा सीता खनालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्री भीमलक्ष्मी शाक्य | सिष्टर | शिक्षण अस्पताल,महाराजगंज | २०६२।८।२० |
| श्री चन्द्रलाल जोशी | सह प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६३।३।२५ |
| डा. श्रीरामप्रसाद लामिछाने | सह प्राध्यापक | शिक्षा विकास.तथा अ.केन्द्र बल्खु | २०६५।२।१ |
| श्री शिव नेपाल | सह प्राध्यापक | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।२।२ |
| श्रीमती सीता राई | सह प्राध्यापक | महेन्द्र बहुमुखी क्याम्पस,धरान,सुनसरी | २०६५।१।१६ |
| श्री गोविन्दमान सिं डंगोल | क्याम्पस प्रमुख | ललितकला क्याम्पस,भोटाहिटी | २०६५।२।१ |

# सेडाको ४०औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा)को ४०औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित समारोहको जेठ २ गते उद्घाटन गर्नुभयो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपकुलपति बताउँदै उहाँले भन्नुभयो-‘ त्रिविका हरेक विभाग आफ्नै खालको अनुसन्धान केन्द्र हो भन्ने कुरा सोचेर विभाग र अनुसन्धान केन्द्रबीच सहकार्य हुनु जरूरी छ ।’

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले सभापतिको आसनबाट बोल्दै अनुसन्धान केन्द्रहरूमा अनुसन्धानसम्बन्धी जनशक्ति अपुग



सेडाको ४०औं वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुहुँदै त्रिविका उपकुलपति प्रा. डा. माधवप्रसाद शर्मा । साथमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य र रजिस्ट्रार डा. भीमराज अधिकारी । *तस्वीर : त्रिवि सूचना शाखा ।*

प्रा.डा. शर्माले राष्ट्रले अनुसन्धानको नाम लिँदा शुरूमा त्रिविकै नाम लिन्छ, त्यसपछि मात्र देशका अनुसन्धानसम्बन्धी अन्य संस्थाको लिने गर्नु त्रिविका लागि गौरवकै कुरा हो भन्नुभयो ।

विश्वका जुनसुकै ठूला विश्वविद्यालयमा पनि विषयगत विभागैपिच्छे अनुसन्धान कार्य हुन्छ, तर हाम्रो देशमा नयाँ शिक्षा पद्धति आएपछि विभागलाई पठनपाठनबाहेक अरू काम नभएको जस्तो सरकारले व्यवहार गर्दा विभागका शिक्षकहरूलाई त्रिविका अनुसन्धान केन्द्रमा गएर अनुसन्धानको काम गर्ने वातावरण क्षीण हुन पुगेको भएको हो भने अनुसन्धान केन्द्रले औचित्य सिद्ध गरी जनशक्ति माग गरेमा सेवा आयोग पदपूर्तिका लागि आवश्यक कार्य गर्न तत्पर छ भन्नुभयो ।

‘आयोग स्वयंले कुनै पनि निकायमा पदपूर्तिको लागि अग्रसरता गर्दैन, यसका लागि निकायहरूले सबैभन्दा पहिले जनशक्ति माग गर्नु पर्‍यो र त्यसपछि मात्र यससम्बन्धी अन्य निकायहरू हरकतमा आउछन्’- अध्यक्ष प्रा.डा. कार्कीले भन्नुभयो ।

समारोहमा शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले सेडा शुरू हुँदा सरकारका लागि प्रशासनिक तालिम केन्द्रको रूपमा निकै महत्त्वपूर्ण रहेको र त्यसबेला उच्च पदस्थ सरकारी कर्मचारीलाई समेत सेडाले तालिम दिने गरेको स्मरण गराउनुभयो ।

‘सेडाको यो भूमिका अहिले कमजोर हुँदै गएकोले यसको महत्त्व कायमै राख्न सम्बन्धित सबै सक्रिय हुनु आवश्यक छ’ - शिक्षाध्यक्ष प्रा.डा. अमात्यले भन्नुभयो ।

रजिस्ट्रार डा. भीमराज अधिकारीले सेडा जुन भिजन र मिसन लिएर स्थापना भएको हो त्यसलाई अहिले पनि यथावत राख्नसक्नु पर्ने बताउँदै सेडाको अनुसन्धान गतिविधिलाई अगाडि बढाउन जनशक्ति अपुग छ भने सोको पदपूर्तिका लागि सहयोग गर्न आफू तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै सेडाका कार्यकारी निर्देशक डा. रमेशचन्द्र चित्रकारले नेपालमा प्रशासनिक तालिम दिने पहिलो संस्था सेडा नै भएकोमा हाल देशमा यसप्रकारका संस्थाको संख्या निरन्तर बढिरहेको बताउनुभयो ।

त्रिवि प्राध्यापक संघका अध्यक्ष शिवप्रसाद मुनकर्मी, त्रिवि कर्मचारी संघका अध्यक्ष शम्भुप्रसाद भट्टराई, सेडा प्राध्यापक संघ एकाइका मेनका राजभण्डारी र कर्मचारी संघ एकाइका सीता खनालले पनि बोल्नुभएको सो समारोहमा सेडाका उप प्राध्यापक शकिला सिंहले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## अनुरोध

मासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

***त्रिभुवन विश्वविद्यालय बुलेटिन***

# कर्मचारी संगठन ट्रेड युनियनमा दर्ता

काठमाडौं । ट्रेड युनियन ऐन २०४९ बमोजिम त्रिवि प्रगतिशील कर्मचारी संगठन विधिवत दर्ता भएको उपलक्ष्यमा सो संगठनले जेठ ९ गते एक कार्यक्रम आयोजना गरेको छ ।

२०५५ सालमा स्थापित सो संगठन ट्रेड युनियन ऐनअन्तर्गत दर्ता भएको त्रिविको पहिलो पेशागत संगठन हो ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै त्रिविका उपकुलपति प्रा.डा.माधवप्रसाद शर्माले कलकारखा नामामात्र नभई सरकारी कार्यालयमा पनि ट्रेड युनियन रहेको सन्दर्भमा अब त्रिविको संगठन पनि ट्रेड युनियन अधिकारसम्पन्न हुनु खुसीको कुरा हो भन्नुभयो ।

त्रिवि आयआर्जन गर्ने संस्था नभएकाले कर्मचारी संगठनले गर्ने कामको तौरतरिका कलकारखानाको भन्दा भिन्न हुने कुरा पनि उहाँले बताउनुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्षको पनि उपस्थिति रहेको सो कार्यक्रममा रजिस्ट्रार डा.भीमराज अधिकारीले कर्मचारीमा रहेको ऊर्जालाई समुचित रूपमा उपयोग गर्न सकेमा संस्थाले ठूलै उपलब्धि लिन सक्ने बताउनुभयो ।

युनियनका अध्यक्ष कुवेर केसीको सभापतित्वमा भएको कार्यक्रममा र सुन्दर तुम्वाहाम्फे, त्रिवि प्रजातान्त्रिक कर्मचारी समूहका अध्यक्ष भोजराज राउतका साथै नेपाल ल क्याम्पस कर्मचारी एकाइका शर्मिला केसी, त्रिवि कर्मचारी संघका अध्यक्ष शम्भुप्रसाद भट्टराई, संघका पूर्व अध्यक्षत्रय टहलबहादुर खडका, कुमारप्रसाद हुमागाई विश्वविद्यालय क्याम्पस कर्मचारी एकाइका होमबहादुर श्रेष्ठलगायतले बोलनुभएको थियो ।



त्रिवि प्रगतिशील कर्मचारी संगठन ट्रेड युनियन ऐन २०४९ बमोजिम विधिवत दर्ता भएको उपलक्ष्यमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा।
*(तस्वीर : त्रिवि सूचना शाखा ।)*

# विद्यावारिधि उपाधि प्रदान

त्रिभुवन विश्वविद्यालयका विभिन्न संकायले निम्न महानुभावहरूलाई निम्नअनुसार विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



कविता श्रेष्ठ : मानविकी तथा सामाजिकशास्त्र संकायले कविता श्रेष्ठलाई संस्कृति विषयअन्तर्गत 'मध्यकालीन नेपालमा नारीको अवस्था' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६५ वैशाख १२ गते गरेको छ ।

उहाँ काठमाडौंस्थित पद्म कन्या क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ ।



बद्रीविशाल भट्टराई: मानविकी तथा सामाजिकशास्त्र संकायले बद्रीविशाल भट्टराईलाई नेपाली विषयअन्तर्गत 'नेपाली बृहत् शब्दकोश (२०४०) को कोशवैज्ञानिक अध्ययन' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ चैत १५ गते गरेको छ ।

उहाँ रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौंमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



रमेश श्रेष्ठ: व्यवस्थापन संकायले रमेश श्रेष्ठलाई Entrepreneurship Development in Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६५ वैशाख २६ गते गरेको छ ।



रामजीप्रसाद पौडेल: व्यवस्थापन संकायले रामजीप्रसाद पौडेललाई Labour Productivity in Manufacturing Public Enterprises of Nepal शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६५ वैशाख २५ गते गरेको छ ।

तानसेन पाल्पाको मेहेलधारा-१ निवासी उहाँ त्रिभुवन बहुमुखी क्याम्पस तानसेनका उपप्राध्यापक हुनुहुन्छ ।

# उपप्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई उपप्राध्यापक पदमा नियुक्त गरेको छ :

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री दमनबहादुर सिंह | तथ्याङ्कशास्त्र | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | २०६४।१०।२७ |
| श्री रामनारायण लाल कर्ण | गणित | गोरखा क्याम्पस,गोरखा | २०६४।१०।२५ |
| श्री अर्जुनदेव भट्ट | अंग्रेजी | डोटी बहुमुखी क्याम्पस,डोटी | २०६४।१२।१ |
| श्री मुना श्रेष्ठ | ,, | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | २०६४।१२।१ |
| श्री दिपेन्द्र पराजुली | ,, | पश्चिमान्चल क्याम्पस,पोखरा | ,, |
| श्री किशोरीनायक | ,, | रामस्वरुप रा.बहुमुखी क्याम्पस,जनकपुर | ,, |
| श्री अशोककुमार यादव | ,, | ,, | ,, |
| श्री गणेशप्रसाद बराल | ,, | विश्वभाषा क्याम्पस,पद्रर्शनीमार्ग | ,, |
| श्री विभाकुमारी झा | ,, | महेन्द्र विन्देश्वरी ब. क्याम्पस,राजविराज | ,, |
| श्रीमती रेणुकुमारी सिंह | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | ,, |
| श्री रामप्रसाद घिमिरे | ,, | बुटवल बहुमुखी क्याम्पस,बुटवल | ,, |
| श्री नवराज न्यौपाने | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री प्रकाश अधिकारी | ,, | ,, | ,, |
| श्री चन्द्रप्रकाश यादव | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगंज | ,, |
| श्री बासुदेव यादव | ,, | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | ,, |
| श्री रत्नेशकुमार कर्ण | ,, | ,, | ,, |
| श्री दिनेशकुमार भट्टराई | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्री रामचन्द्रप्रसाद यादव | नेपाली | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | २०६४।११।१ |
| श्री उदयप्रसाद घिमिरे | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री चोलाकान्त ओझा | ,, | ,, | ,, |
| श्री धनपति सुवेदी | ,, | ,, | ,, |
| श्री अर्जुनप्रसाद सुवेदी | ,, | ,, | ,, |
| श्री यामनाथ पौडेल | ,, | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | ,, |
| श्रीमती उमा मिश्र | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगंज | ,, |
| श्रीमती उषा शर्मा | ,, | ,, | ,, |
| श्री गिरीराज पौडेल | ,, | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | ,, |
| श्री दिवाकर शर्मा | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्री गणेशप्रसाद पाण्डेय | इतिहास | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | २०६४।११।२ |
| श्री विमलाकुमारी यादव | ,, | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | ,, |
| श्री रामजुलुम यादव | ,, | ,, | ,, |
| श्री सोहनबहादुर बम | ,, | डोटी बहुमुखी क्याम्पस,डोटी | ,, |
| श्री सीताराम शाह | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगंज | ,, |
| श्री मोहनसिंह थेवे | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | ,, |
| श्री संगीता श्रेष्ठ | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री मेनबहादुर अधिकारी | अर्थशास्त्र | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | ,, |
| श्री राजेन्द्रप्रसाद मेहता | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगंज | ,, |
| श्रीमती सोफिया आचार्य | ,, | ,, | ,, |
| श्री महेश नेपाल | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री प्रकाश उपाध्याय | समाजशास्त्र/मानवशास्त्र | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६४।११।३ |

(बांकी ८ पृष्ठमा)

# गणतन्त्र स्थापनामा बधाई र शुभकामना आदानप्रदान

काठमाडौं । नेपालमा गणतन्त्र स्थापना तथा कार्यान्वयनको खुशियालीमा नेपाल राष्ट्रिय कर्मचारी संगठन त्रिवि केन्द्रीय समितिले जेठ २४ गते बधाई तथा शुभकामना आदानप्रदान र जलपान कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले मुलुकमा गणतन्त्र स्थापनापछि सम्पूर्ण अधिकार जनताको हातमा आएको उल्लेख गर्दै अब त्यसलाई संस्थागत गर्ने जिम्मेवारी पनि जनताकै भएको बताउनुभयो ।



नेपालमा गणतन्त्र स्थापना तथा कार्यान्वयनको खुशियालीमा नेपाल राष्ट्रिय कर्मचारी संगठन त्रिवि केन्द्रीय समितिद्वारा आयोजित बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुदै रजिस्ट्रार डा. भीमराज अधिकारी । साथमा पछाडितिर बायाबाट शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य र सेवा आयोगकाअध्यक्ष प्रा.डा.शौभाग्यजंग कार्की ।
*(तस्वीर : त्रिवि सूचना शाखा ।)*

कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले प्रमुख अतिथिको आसनबाट बोल्दै त्रिविमा कार्यरत शिक्षक, कर्मचारीको बढुवा प्रक्रियालाई प्रक्रियागत ढंगले अगाडि बढाई नियमितता दिन आफूहरू प्रतिबद्ध भएको बताउनुभयो ।

कार्यक्रममा रजिस्ट्रार डा. भीमराज अधिकारीले नियम-कानुनसम्मत नभएका कामहरू आफुभन्दा माथिका कर्मचारीले भन्दैमा गर्नुपर्ने बाध्यता कुनै पनि कर्मचारीलाई छैन भन्दै त्रिविका कर्मचारी संगठनहरूले राखेका मागप्रति आफूहरू पूर्णरूपले सकारात्मक रहेको जानकारी दिनुभयो ।

कार्यक्रम आयोजक नेपाल राष्ट्रिय कर्मचारी संगठन त्रिवि केन्द्रीय समितिका अध्यक्ष शान्तिराज कायस्थको सभापतित्वमा भएको सो सभामा त्रिवि प्राध्यापक संघका अध्यक्ष शिवप्रसाद मुनकर्मी, त्रिवि कर्मचारी संघका केन्द्रीय अध्यक्ष शम्भुप्रसाद भट्टराई, त्रिवि प्रजातान्त्रिक कर्मचारी समूहका अध्यक्ष भोजराज राउत र त्रिवि प्रगतिशील कर्मचारी संगठनका अध्यक्ष कुवेर केसीले शुभकामना मन्तव्य दिनुभएको थियो ।

| | | | |
|---|---|---|---|
| श्री नेत्रनारायण पौडेल | समाजशास्त्र/मानवशास्त्र | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६४।११।३ |
| श्री शिवबहादुर थापा | ,, | ,, | ,, |
| श्री इन्द्रकला बराल | ,, | ,, | ,, |
| श्री नवराज सुवेदी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| श्रीमती मीला ढुंगेल कोइराला | संस्कृति | महेन्द्र मोरंग आदर्श ब.क्याम्पस,विराटनगर | २०६४।११।१ |
| श्री सुशीलकुमार अधिकारी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ,, |
| श्री पशुपति नेपाल | ,, | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | ,, |
| श्री सुनिता पोखरेल | ,, | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस,राजविराज | ,, |
| श्री सूर्यनारायण मुखिया | भूगोल | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस,राजविराज | ,, |
| श्री रामजीप्रसाद पोखरेल | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री विष्णुहरी पौडेल | ,, | ,, | ,, |
| श्री श्रीभद्र भण्डारी | ,, | पश्चिमाञ्चल क्याम्पस,पोखरा | ,, |
| श्री मोतीलाल घिमिरे | ,, | भूगोल केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री जंगबहादुर खड्का | रसायनशास्त्र | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | २०६४।१०।२३ |
| श्री राजेन्द्रबहादुर निरौला | राजनीतिशास्त्र | महेन्द्र बहुमुखी क्याम्पस,धरान | २०६४।१०।२४ |
| श्री विमला शाक्य | वनस्पतिशास्त्र | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | २०६४।१०।२७ |
| श्री अनिलकुमार दास | ,, | महेन्द्र मो.आ.बहुमुखी क्याम्पस,विराटनगर | ,, |
| श्री तीर्थराज न्यौपाने | जनसंख्या अध्ययन | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | २०६४।११।१ |

# त्रिभुवन विश्वविद्यालय,
# शिक्षाध्यक्षको कार्यालय
# समन्वय महाशाखा

**प्रवीणता प्रमाण पत्र तह, स्नातक तह एवं स्नातकोत्तर तहका प्रथम वर्षमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्तिहरूमा आवेदन आव्हानको सूचना**

शैक्षिक वर्ष २०६४।०६६ का लागि त्रि.वि. अन्तरगतका क्याम्पसमा प्रविणता प्रमाण पत्र तह, स्नातक तह तथा स्नातकोत्तर तह प्रथम वर्षमा प्रवेश लिएका विद्यार्थीहरूका निमित्त विभिन्न दाताहरूवाट समय-समयमा स्थापित भई संचालित निम्नानुसार छात्रवृत्तिका निमित्त आवेदन आव्हान गरिएको छ ।

छात्रवृत्तिको आवेदन भर्दा ध्यान दिनु पर्ने कुराहरू:

- आवेदन २०६५ साल असार मसान्त सम्म यस त्रि.वि. शिक्षाध्यक्षको कार्यालय, समन्वय महाशाखामा आई पुग्नु पर्ने छ ।
- रीत नपुगेका अथवा म्याद नाघि आएका आवेदनहरू माथि कुनै कारवाही हुने छैन ।
- कुन छात्रवृत्तिका लागि आफ्नो योग्यता पुग्न सक्ने हो त्यस कुरामा पहिल्यै विचार राख्नु उचित हुनेछ ।
- निर्धारित आवेदन फाराम भरेपछि छात्रवृत्तिको लागि पुनः अर्को छुट्टै निवेदन लेख्नु पर्ने छैन ।
- तोकिएको ढांचाको फाराम क्याम्पसहरूमा पठाईएकोले त्यहींबाट प्राप्त गर्न सकिन्छ । फाराममा आवश्यक पर्ने कुराहरू राम्ररी भर्ने र नचाहिने दफाहरू स्पष्टसित काट्नु उपयुक्त हुन्छ ।
- प्रमाण पत्रको प्रतिलिपिहरू त्रि.वि. को अधिकृत वा सो सरहको अधिकृतबाट प्रष्ट वुझिने गरी प्रमाणित हुनु पर्ने छ ।
- थारु छात्रवृत्तिमा आवेदन दिने विद्याथीहरूले थारु जाति प्रमाणित भएको सक्कल पत्र समेत अनिवार्य रुपमा पेस गर्नु पर्ने छ ।

## छात्रवृत्ति विवरण
### क) (प्रमाण पत्र तहका लागि)

१.छात्रवृत्तिको नामः- थारु छात्रवृत्ति

उम्मेदवार विद्यार्थीः-

प्रविणता प्रमाण पत्र तह प्रथम वर्षमा अध्ययनरत थारु/पिछडिएका क्षेत्रका छात्र छात्राहरू जसमा कैलाली, कन्चनपुर, वांके, वर्दिया, दाङ०, देउखुरी र सुर्खेतका पिछडिएका गा.वि.स. का थारु विद्यार्थीहरूलाई पहिलो प्राथमिकतामा दिइने । ती विद्यार्थी उपलव्ध नभएमा मात्र अन्यत्रका थारु तथा अरु पिछडिएका जातिका विद्यार्थीले पाउने छन् ।

संकाय र छात्रवृत्ति संख्याः- मानविकी तर्फ - ५ (पांच)
व्यवस्थापन तर्फ - ४ (चार)
शिक्षा शास्त्र तर्फ - ३ (तीन)

**छात्रवृत्ति रकमः-** मासिक रु.२००।- का दरले वार्षिक दश महिनाको हिसावमा रु. २०००।- मात्र ।

- यो छात्रवृत्तिको लागि पेश गरिने आवेदन साथ आवेदकलाई गा.वि.स.ले दिएको पिछडिएको क्षेत्रको थारु जातिका विद्यार्थी हो भन्ने प्रमाणित पत्रको सक्कलै प्रति र नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य रुपले संलग्न गर्नु पर्नेछ ।

२. **छात्रवृत्तिको नामः-** इटन छात्रवृत्ति

**उम्मेदवार विद्यार्थीः-** सुदूर पश्चिमान्चल, मध्य पश्चिमान्चल र पश्चिमान्चल विकास क्षेत्रका मानविकी तथा सामाजिक शास्त्र तर्फ प्रविणता प्रमाण पत्र तह प्रथम वर्षमा अध्ययन गर्ने गरीव जेहेन्दार विद्यार्थी । आवेदक विद्यार्थीले सम्वन्धित गा.वि.स. । न.पा.बाट गरीव परिवारको सदस्य भनी प्रमाणित गरिएको सिफारिस पत्र पेस गर्नु पर्नेछ ।

**छात्रवृत्ति संख्याः-** एक मात्र ।

**छात्रवृत्ति रकमः-** मासिक रु. २००।- का दरले वार्षिक दश महिनाको हिसावमा रु. २०००।- मात्र ।

३. **छात्रवृत्तिको नामः-** त्रि.वि. अजय तुलाधर स्मृति दूर्गम क्षेत्र छात्रवृत्ति ।

**उम्मेदवार विद्यार्थी-** दूर्गम क्षेत्रमा स्थायी बसोबास भई हाल काठमाडौं उपत्यका भित्र शैक्षिक वर्ष ०६४।०६६ को प्रविणता प्रमाण पत्र तह विज्ञान वा वाणिज्य विषय लिई क्याम्पस प्रवेश लिएका हाल उक्त विषयमा प्रथम वर्षमा अध्ययनरत हुनु पर्ने ।

**छात्रवृत्ति संख्याः-**

| | | | |
|---|---|---|---|
| वाणिज्य :- | प्रथम वर्षमा अध्ययनरत | - | २ (दुई) |
| विज्ञान :- | ,, ,, | - | २ (दुई) |

**छात्रवृत्ति रकम :-** मासिक रु. १०००।- (एक हजार) का दरले वार्षिक १० महिनाको हिसावमा रु. १०,०००।- (दश हजार) मात्र ।

***द्रष्टव्य :-*** दूर्गम क्षेत्रका विद्यार्थी भन्नाले नेपाल सरकार स्थानीय विकास मन्त्रालय अन्तर्गत दूर्गम क्षेत्र विकास समितिले निर्धारण गरेको जिल्ला र जिल्लाहरूको गा.वि.स. घर भई दूर्गम क्षेत्रको विद्यालयबाटै प्रवेशिका परीक्षा पास गरेकोलाई जनाउने छ ।

सम्वन्धित विद्यार्थीहरूले आवेदनको साथ प्रवेशिका परीक्षाको लव्धांकको प्रमाणित प्रतिलिपि र दूर्गम क्षेत्रमा स्थायी बसोबास भएको प्रमाणित पत्र अनिवार्य रुपले संलग्न गरेको हुनु पर्ने ।

ख) (स्नातक तहका लागि)

१. **छात्रवृत्तिको नामः-** थारु छात्रवृत्ति :-

**उम्मेदवार विद्यार्थी :-**स्नातक तहमा अध्ययनरत थारु/पिछडिएको जातिका छात्र छात्राहरू जसमा कैलाली, कन्चनपुर, वांके, वर्दिया, दाड०, देउखुरी र सुर्खेतका पिछडिएका क्षेत्रका थारु विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिईने छ। ती विद्यार्थी प्रर्याप्त मात्रामा उपलव्ध नभएमा मात्र अन्यत्रका थारु तथा अरु पिछडिएका जातिका विद्यार्थीहरूले पाउने छन् ।

**संकाय र छात्रवृत्ति संख्याः-**

| | | |
|---|---|---|
| मानविकी तर्फ | - | दुई |
| व्यवस्थापन तर्फ | - | दुई |
| कानून तर्फ | - | एक |
| शिक्षा तर्फ | - | एक |

**छात्रवृत्ति रकम :-** मासिक रु.२००।- (वार्षिक दश महिनाको हिसावमा रु.२०००।-मात्र) ।

- यो छात्रवृत्तिको लागि पेश गरिने आवेदन साथ आवेदकलाई गा.वि.स. ले दिएको पिछडिएको क्षेत्रको थारु जातिका विद्यार्थी हो भन्ने प्रमाणित पत्रको सक्कलै प्रति र नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य रुपले संलग्न गर्नु पर्ने छ ।

**ग) स्नातकोत्तर तहका लागि**

१. **छात्रवृत्तिको नामः-** थारु छात्रवृत्ति :-

**उम्मेदवार विद्यार्थी :-** स्नातकोत्तर तहमा प्रथम वर्षमा अध्ययनरत थारु/पिछडिएका जातिका छात्र छात्राहरू । जसमा कैलाली ,कन्चनपुर, वांके, वर्दिया दाड०, देउखुरी र सुर्खेतका पिछडिएका क्षेत्रका थारु विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिइने छ। ती विद्यार्थी प्रर्याप्त मात्रामा उपलव्ध नभएमा मात्र अन्यत्रका थारु तथा अरु पिछडिएका जातिका विद्यार्थीले पाउने छन् ।

**संकाय र छात्रवृत्ति संख्याः-** मानविकी तर्फ - १ एक
व्यवस्थापन तर्फ - १ एक
शिक्षा शास्त्र तर्फ - १ एक

**छात्रवृत्ति रकम** :- मासिक रु. २००।- (दुई सय) का दरले वार्षिक दश महिनाको हिसावले रु. २०००।- मात्र ।

- यो छात्रवृत्तिको लागि पेश गरिने आवेदन साथ विद्यार्थीहरूले पिछडिएको क्षेत्रको थारु जातिका विद्यार्थी हो भन्ने जाति प्रमाणित पत्रको सक्कलै प्रति र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

२. **छात्रवृत्तिको नाम**:- लक्ष्मी छात्रवृत्ति :-

**उम्मेदवार विद्यार्थी** :- स्नातकोत्तर तहमा नेपाली विषयमा प्रथम वर्षमा अध्ययनरत एक जना छात्रालाई एक वर्षका निमित्त प्रदान गरिने छ ।

**संकाय र छात्रवृत्ति संख्या** :- मानविकी संकाय - १ (एक)

**छात्रवृत्ति रकम** : मासिक रु. २००।- (दुई सय) का दरले वार्षिक दश महिनाको हिसावमा रु.२०००।- मात्र

- यस छात्रवृत्तिका लागि स्नातक तह उत्तीर्ण गरेको प्रमाणित लव्धांक पत्र समेतअनिवार्य रुपमा संलग्न हुनु पर्ने। उक्त छात्रवृत्ति गरिव तथा जेहेन्दार छात्राहरू मध्येबाट छनौट हुनेछ । यसको लागि सम्बन्धित क्याम्पस वा गा.वि.स./न.पा. जस्ता निकायले असम्पन्न परिवारको विद्यार्थी हो भनी सिफारिस/ गरेको कागज पेश गर्नु पर्ने छ ।

---

# विभिन्न पदहरूमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्त गरेको छ :

| नाम | पद | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. दैनिकबहादुर नेपाली | सहायक डीन | कृषि र पशु विज्ञान अध्ययन संस्थान,रामपुर | २०६५।२।१३ |
| डा. रेशमबहादुर थापा | सहायक डीन | कृषि र पशु विज्ञान अध्ययन संस्थान,रामपुर | २०६५।२।१३ |
| डा. शान्तमान शाक्य | सहायक डीन | कृषि र पशु विज्ञान अध्ययन संस्थान,रामपुर | २०६५।२।१३ |
| श्री कान्तिलता भण्डारी | सहायक डीन | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६५।२।१३ |
| डा. रतिन्द्रनाथ श्रेष्ठ | सहायक डीन | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६५।२।१३ |
| श्री अर्जुनप्रसाद वास्तोला | सहायक डीन | वन विज्ञान अध्ययन संस्थान,हेटौंडा | २०६५।२।१३ |
| श्री प्रवलराज पोखरेल | विभागीय प्रमुख | पत्रकारिता तथा आम संचार के.वि,प्रदर्शनीमार्ग | २०६५।२।१२ |
| श्री राजु मानन्धर | क्याम्पस प्रमुख | ललितकला क्याम्पस,भोटाहिटी | २०६५।२।१ |
| डा. इश्वरीप्रसाद ढकाल | क्याम्पस प्रमुख | रामपुर क्याम्पस,रामपुर | २०६५।२।१३ |
| श्री लक्ष्मेश्वर यादव | क्याम्पस प्रमुख | पक्लिहवा क्याम्पस, पक्लिहवा | २०६५।२।१३ |
| श्री तारा पोखरेल | क्याम्पस प्रमुख | नर्सिङ्ग क्याम्पस, महाराजगंज | २०६५।२।१३ |
| श्रीमती न्हुच्छेशोभा तुलाधर | क्याम्पस प्रमुख | थापाथली क्याम्पस,थापाथली | २०६५।२।१३ |
| श्री भुवनकुमारी डंगोल | क्याम्पस प्रमुख | नर्सिङ्ग क्याम्पस,वीरगंज | २०६५।२।१३ |
| डा.श्यामकिशोर साह | निर्देशक | कृषि र पशु विज्ञान अध्ययन संस्थान,रामपुर | २०६५।२।१३ |
| श्री कुमार थापा | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,बल्खु | २०६५।२।१ |
| श्री अमन श्रेष्ठ | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,बल्खु | २०६५।२।१ |
| श्री तारानाथ वराल | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,पश्चिमान्चल | २०६५।२।१ |
| श्री कमान सिंह बोहरा | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,मध्यपश्चिमान्चल | २०६५।२।१ |
| श्री दिव्यराज चापागाई | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,पूर्वाञ्चल | २०६५।२।१ |
| श्री पुष्पनारायण मानन्धर | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रण कार्यालय,बल्खु | २०६५।२।१ |
| श्री सत्यनारायण शाह | सह परीक्षा नियन्त्रक | परीक्षा नियन्त्रणकार्यालय,सुदूर पश्चिमान्चल | २०६५।२।१ |

# विद्युतीय व्यापारसम्बन्धी सम्मेलन आयोजना

काठमाडौं । त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभाग, नेपाल सरकारको उच्चस्तरीय सूचना प्रविधि आयोग तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रले २१औं शताब्दीमा विद्युतीय व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन(ईसीआईसी २००८) संयुक्तरूपमा आयोजना गरेका छन् ।

नेपाल, भारत, बेलायत, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, क्यानडा गरी ९वटा मुलुकका २५ जना सहभागी रहेको ३ दिने सम्मेलनको उद्घाटन उच्चस्तरीय सूचना प्रविधि आयोगका उपाध्यक्ष सरोज देवकोटाले एक समारोहका बीच जेठ २० गते गर्नुभएको थियो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपाध्यक्ष देवकोटाले विश्वमा हाल विद्युतीय व्यापार( ई-कमर्स) को प्रयोग दिन प्रतिदिन बढिरहेको सन्दर्भमा नेपालमा पनि यसको उपयोग बढाउन प्रयास थाल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले विश्वमा कम्प्युटर विज्ञान तथा सूचना प्रविधिको बढ्दो महत्त्वबारे चर्चा गर्दै यसै कुरालाई ध्यानमा राखी त्रिविले स्नातक र स्नातकोत्तर तहमा यो विषयको अध्ययन अध्यापन थालेको र यसलाई त्रिविका विभिन्न क्याम्पसमा विस्तार गर्दै लग्ने सोचाइ राखेको बताउनुभयो ।

राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति तथा सम्मेलनका सल्लाहकार प्रा.डा. होमनाथ भट्टराई, काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्मा र राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक डा. सुवर्ण शाक्यले पनि बोल्नुभएको उद्घाटन समारोह त्रिवि विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन एवं सम्मेलन आयोजक समितिका अध्यक्ष प्रा. विशालनाथ उप्रेतीको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा त्रिवि कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभागका प्रमुख एवं सम्मेलन आयोजक समितिका सदस्य सचिव डा. टंकनाथ धमलाले धन्यवाद ज्ञापन तथा उच्चस्तरीय सूचना प्रविधि आयोगका सदस्य सचिव एवं सम्मेलन आयोजक समितिका उपाध्यक्ष डा. मदन परियारले स्वागत मन्तव्य राख्नुभएको थियो ।

**प्रधानमन्त्रीद्वारा शिक्षण...**

शिक्षा नागरिकको आधारभूत आवश्यकता भएकाले सरकारले यसलाई प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो ।अध्ययन संस्थानका डीन डा.अरुण सायमीले सभापतिको आसनबाट बोल्दै शिक्षण अस्पतालले देशका तीन शीर्ष राजनीतिक व्यक्तित्व बीपी कोइराला, मनमोहन अधिकारी र गणेशमान सिंहका नाममा विभाग र प्रतिष्ठान स्थापना गरी सेवा दिइरहेको बताउनुभयो ।

शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेश खकुरेलले स्वागत मन्तव्य दिनुभएको सो समारोहमा अध्ययन प्रतिष्ठानका प्रमुख डा. राकेशप्रसाद श्रीवास्तव, बालरोग विभाग प्रमुख डा. पुष्पराज शर्मालगायतले बोल्नुभएको थियो ।

इम्प्याक्ट नेपालका तर्फबाट अपांगहरूको उपचारसम्बन्धी एक करोड १६ लाख मूल्य बराबरका उपकरणहरू शिक्षण अस्पताललाई हस्तान्तरण गरिएको सो समारोहको अन्त्यमा अस्पतालका मेट्रोन जमुना सायमीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|
| श्री लालताप्रसाद जयसवाल | महेन्द्र मो.आदर्श बहुमुखी क्याम्पस,विराटनगर | २०६५।२।१९ |
| श्री तीर्थ श्रेष्ठ | " | " |
| श्रीमती निशा आचार्य | " | " |
| डा. उद्धव पोखरेल | " | " |
| श्री ताराप्रसाद यादव | " | " |


**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१